# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम )
लुम्बिनी प्रदेश

पत्र संख्याः २०८१।०८२
चलानी नं मितिः२०८१।०५।११

**विषयः- कर दाखिला गर्दा पेश गर्नु पर्ने आवश्यक कागजात सम्बन्धि सूचना ।**

श्री करदाताहरु (सबै)
बर्दघाट नगरपालिका
नवलपरासी (ब.सु.प.)

प्रस्तुत विषयमा नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रकको कार्यालय अनामनगर काठमाण्डौले सबै स्थानीयतहहरु बाट संकलन गरिने राजश्वको लागि सोही कार्यालयबाटै उपलब्ध गराईएको स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) अनिवार्य भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

यस प्रणालीबाट कर बुझाउँदा करदाताको व्यक्तिगत विवरणको साथै सम्पत्ति/भूमिकर, व्यवसाय कर, वहाल कर यस प्रणालीमा प्रविष्टी गर्नु पर्ने भएकोले साविकमा प्रयोग हुँदै आएको प्रणालीका विवरणहरु प्रणालीमा (SUTRA) सार्न प्राविधिक रुपमा केही समस्या भएको हुँदा चालु आ.ब.०८१/०८२ मा कर बुझाउन नगरपालिका वा सम्वन्धित वडा कार्यालय आउँदा आ-आफ्नो यथार्थ विवरण प्रविष्ट गर्न स्वंयम करदाता वा निजको एका घरको व्यक्तिले पछि सम्म फरक नपर्ने गरि देहायनुसारका कागजात लिई बर्दघाट नगरपालिका तथा वडा कार्यालयमा सम्पर्क राख्नुहुन करदता सबैमा हार्दिक अनुरोध छ ।

देहाय,

(क) सम्पत्ति र भूमिकरका लागि संलग्न गर्नु पर्ने कागजातहरु
१.करदाताको नागरिकता प्रमाण पत्र प्रतिलिपी
२.जग्गाधनि दर्ता प्रमाण पुर्जा प्रतिलिपी
३.अघिल्लो पटक सम्पत्ति/भुमीकर बुझाएको रसिद
४.घर सम्पन्न वा नक्सा नियमित गरेको प्रमाण पत्र प्रतिलिपी
५.सम्पत्तिको स्व-घोषणा फारम( वडा कार्यालयबाट लिई भर्ने)
६.जग्गा वर्गिकरणको विवरण (मापदण्डमा भएका जग्गा साथै वर्गिकरणमा छुटेका जग्गा

२०८१।०५।११
प्रमुख प्रशासकीय अधिकृत

# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी ( बर्दघाट – सुस्ता पश्चिम )
लुम्बिनी प्रदेश

पत्र संख्याः २०८१।०८२
चलानी नं
मितिः२०८१।०५।११

(ख) व्यवसाय करका लागि आवश्यक कागजातहरु

१.घरेलु तथा साना उद्योग कार्यालयक वा कम्पनी रष्जिटारकाको कार्यालयमा दर्ता भएको फर्म दर्ता प्रमाण पत्र प्रतिलिपी ।

२. नगरपालिका वा वडा कार्यालयमा साविकमा दर्ता(सुचिकृत) भएको दर्ता प्रमाण पत्र (दर्ता भएका फर्मको हकमा )।

३.कर दाताको नागरिकताको प्रमाण पत्र प्रतिलिपी ।

५. शेयर लागत प्रमाण पत्र प्रतिलिपी तथा प्रबन्ध-पत्र (प्रा.लि. भएमा)।

६.व्यवसाय गर्नका लागि घर वा जग्गा वहालमा लिएको भए बाहल सम्झौता पत्र प्रतिलिपी ।

७.शाखा विस्तार गर्नु परेमा शाखा विस्तार गर्ने निर्णय र पत्र ।

(ग) घर/जग्गा वहाल करका लागि आवश्यक कागजातहरु

१.वहालमा दिएको घर/ जग्गा को जग्गाधनी दर्ता प्रमाण पुर्जा र संरचनाको क्षेत्रफल खुल्ने आधिकारिक कागज प्रमाण ।

२. घर/ जग्गा वहाल सम्झौताको प्रतिलिप।

३.घर/ जग्गा वहाल लिने र दिने दुबै व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र संघ संस्थाको हकमा संघ संस्थाको दर्ता प्रमाण पत्र प्रतिलिपी।

बोधार्थः- श्री सूचना तथा प्रविधिशाखा वेवसाईटमा अपलोड गरि दिनु हुन

.................................
प्रकाश खनाल
(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत